क्रम संख्या–४९

# एक [ब्राह्मण] भिक्षुको जीवनी

लेखकः

**छविलाल पौडेल**

घाचोक गा. पं.

वार्ड नं. ६

काश्कि–पोखरा

२०४३

प्रकाशकः–

**आनन्द कुटी विहार गुठी**

आनन्द कुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल

Downloaded from http://dhamma.digital

Dhamma.Digital

Downloaded from http://dhamma.digital

क्रम संख्या- ४९

# एक [ब्राह्मण] भिक्षुको जीवनी

लेखक:
**छविलाल पौडेल**
घाचोक गा. पं.
वार्ड नं. ६
काश्कि-पोखरा

Dhamma.Digital

आनन्दकुटी
२० २९
विहारगुठी

२०४३

रु. २/-

Downloaded from http://dhamma.digital

प्रकाशक :–

**'आनन्द कुटी विहार गुठी'**

(सं. द. नं १/०३१ प्र. जि. अ. का. का.)

आनन्द कुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल

फो. नं. २–२४४२०

बुद्धाब्द २५३०

वि. सं. २०४३

ने. सं. ११०७

ई. सं. १९८६

प्रथमावृत्ति १०००

मुद्रक :–

**ओम् प्रिन्टिङ्ग प्रेस**

ओम्बहाल, काठमाडौं ।

फो. नं. २–१६०५६

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# एक [ब्राह्मण] भिक्षुको जीवनी

भिक्षु सुभद्र वि. सं. १९६१ माघ २२ गते कृष्णपक्ष तिथी चतुर्दशीका दिन एक प्रतिष्ठित ब्राह्मण कुलका टिकाराम लंसाल तथा उनकी सहधर्मिणी पूर्णकलाको कोखमा गण्डकी अञ्चल काश्की जिल्लाको घाचोक गाउँ पञ्चायतको लमसाल थरमा जन्म लिनु भएको हो । तत्कालिन व्यवस्था अनुसार वहाँको पिता गाउँको जिम्मावाल हुनु भएकोले घरको स्थिति राम्रो नै थियो भन्नु पर्छ ।

घरको स्थिति सन्तोषजनक भएको र आफ्ना माता पिताको एक मात्र पुत्र भएकाले वहाँको लालन पालन हिफाजत साथ भयो । बाबु आमाको लाडप्यारमा आनन्दमयी जीवनमा हुर्कता पनि वहाँमा विद्या अध्ययन गर्ने प्रवल इच्छा थियो । युग अनुसार आजकलको जस्तो घर गाउँमा नै बसेर अध्ययन गर्ने कुनै साधन थिएन । गाउँ देखि बाहिर गएर अध्ययन गर्ने इच्छामा एकलौटे पुत्रको नाताले ममताको बन्धन– महानारीको आज्ञा पाउन नसकी टाढा जान बन्चित हुनु पर्‍यो । तै पनि आफ्नो शिक्षा हासिल गर्ने प्रवल इच्छा अनुरूप त्यस समयका घर गाउँले पुरोहितहरूको आडलागेर अक्षर चिन्ने र कनी कुथी लेख्ने (साक्षर) सम्म हुनुभयो ।

वयस्क भएपछि, ग्रामीण व्यवसाय कृषि भएकाले मुख्य खेती-पाती तथा पशुपालन जस्ता आफ्नै घर व्यवहार मै तल्लीन

Downloaded from http://dhamma.digital

रहनु स्वभाविक भयो । गाउँको जिम्मावाल हुँनाको कारण गाउँको भरभलाद्मी बन्नु, मालपोत संकलन गर्नु आदिको बोझ पनि उतार्नु नै पर्‍यो । त्यसको अलावा आफुले हासिल गरेको शिक्षाको सदुपयोगार्थ पुरोहित कार्य समेत गर्नु भयो । पुरोहित कार्यबाट आफ्नो भैरहेको कदरमा अझ बृद्धि हुन थाल्यो । अर्कोतिर यस कार्यले हाम्रो जातित्व तथा संस्कृति भिन्न भएका कुराहरूको धेरै ज्ञान उपलब्ध हुन सक्यो ।

साधु सन्त तथा विज्ञजनहरूको सत्संग गर्न इच्छुक मात्र होइन त्यस्ता व्यक्तिहरूको हृदय देखि नै आदर सत्कार गरी उनीहरू बाट ज्ञान गुनका कुराहरू सुन्न नचुक्ने आदत अद्यापि वहाँमा छँदैछ । सोही अनुरूप यसै जिल्लाको सदर मुकाम पोखराको चिसाखोला आश्रममा २००६ साल तिर एक जना महाप्रभू ब्रह्मचारी प्रेम चैतन्य सँग वहाँको सम्पर्क भयो । ब्रह्मचारीको संगतमा परी धार्मिक ग्रन्थहरूका सार बस्तुहरूमा अझबढी ज्ञान प्राप्त हुन गयो । फल-स्वरूप ब्रह्मचारीलाई वहाँले गुरू वरण गर्नु भयो र वहाँ यहाँ रहुन्जेल वहाँ संगको सम्पर्क अटुट् रह्यो ।

गुरू पनि खास गुरू नै हुनु भएकोले र सो अनुरूप शिक्षा लिन इच्छुक चेलो भएर पाएका ज्ञानलाई कार्यरूपमा ल्याउने प्रबल इच्छा अनुसार वहाँले आफ्नो गाउँको धेरै नै सुधार गर्न खोज्नु भयो । यी मध्ये धेरै जसो कुराहरूमा सुधार भएकाले आज सम्म यस गाउँका जनताले सो को उपभोग गरी आएका छन् ।

हिन्दू धर्म अनुसार वहाँले समयमै कुरूक्षेत्र, गंगासागर, तीनशीर (शुल्का गण्डकीको उत्पत्ति स्थान) काशी, गया, जस्ता तीर्थ स्थलहरूको दर्शन गरी सकेर बद्री, केदार, गंगोत्तरी तथा

Downloaded from http://dhamma.digital

जमुनोत्तरी चारधामको ७ पटक सम्म यात्रा गरी ब्रह्मस्वरूप प्राप्त गरिसक्नु भएको छ ।

हिन्दू धर्मका चार आश्रम अनुरूप कार्य गरी यस जीवनलाई सार्थक तुल्याउने वहाँको बिचार प्रवल थियो । त्यस समयका पोखरामा पुराण आदिमा पोख्त प्रसिद्ध योगी श्री देवानन्द (लामा चौर निवासी) कहाँ सन्यास धारण सम्बन्धी ज्ञान र उपलब्धी के कस्तो हो ? भनी सल्लाह लिन पुग्नु भयो । तर योगी बाट उनै पुराणबाट आउने कुरा सिवाय खास अरू दिलचस्पी ज्ञान प्राप्त हुन नसकेकाले वहाँलाई संतुष्टी मिलेन ।

गृहस्थाश्रम कै बीच हाम्रो धर्म अनुसार मानिसको मरणो-परान्त गरिने क्रियामा पहिलो दिनको प्रेत, दोस्रो दिनको प्रेत एवं रीतले दसौं दिन सम्म प्रेतको कल्पना रूपी संस्कार भएको पाउँदा उहाँ भन्नु हुन्छ "मेरो मन अति नै बिचलित हुन्थ्यो । मर्ना साथ हामी आफै नै आफ्नो व्यक्तिलाई प्रेत बनाउँछौं भने– म मरे पछि पनि यही नै क्रम जारी रहनेछ । सके समाजलाई नै प्रेत भनाउन बाट छुटाउन पाए हुँदो हो नभए पनि आफुलाई प्रेत भन्नबाट छुटाउन पाएता हुँदो हो भन्ने वहाँमा ठूलो खुल्दुली थियो ।

मनमा यस्तै प्रकारका खोज तलासका सन्दर्भमा– दुई नालका परिवारमा– छोराहरू पनि सवल भए । अब आफु यो पारिवारिक व्यवहारबाट मुक्त हुन पर्‍यो भन्ने विचार आयो । तदनुरूप छोराहरू लाई अंश बण्डा गरी भएको धन सम्पत्तीको बाँडफाँड गरिदिनु भयो । त्यसै सन्दर्भमा आपनो जीवन छउन्जेललाई (जिउने स्वरूप) केही जमीन (खेत) छुट्याइयो । सो छुट्याइएको खेतलाई आपना

Downloaded from http://dhamma.digital

छोरा मध्ये एक जनाले "यतिको खेत जिउनीमा राख्न धेरै हुन्छ" भने । त्यो सुनेपछि उहाँको मनले "यो मेरो भनी आजसम्म खाई नखाई संचय गरिराख्नु पनि धिक्कार रहेछ" भन्न संक्नु भयो र आफ्नो निमित्त केही पनि लिनु भएन । सम्पत्तिको विरक्तताले त्यही वर्ष अथवा अन्तिम पटकको बद्री यात्रा गर्नुभयो ।

सोही यात्रामा गंगोत्तरीको पहराको एउटा गुफामा आश्रम गरी बसेका एकजना साधुसंग भेट भयो । दर्शन गरे पछि केही बेर त्यहाँ रहँदा त्यो रात उनी संगै बिताउने इच्छा भयो । उनी हिन्दी भाषी रहेछन्, तर म हिन्दी कनी कुथी मात्र बोल्न सक्थें र बोल्न भन्दा केही बढ़ी मात्रामा बुझ्न सक्थें उनी संगको कुरा कानीको सिलसिलामा मलाई सम्पत्ति देखि नफरत र सन्यास आश्रमको अवलम्बन गर्ने इच्छा प्रकट गर्दा ती साधुले– "तुह्मारा विचार तो जनक राजाका जैसा है"– भनेको म सम्झि रहन्छु भनी उहाँ भन्नु हुन्छ । तीनै साधुले सिकाए बमोजिम उहाँ आफ्नै गाउँ देखि केही पर ७०० फीट अग्लो 'आहाले' नामक एक जङ्गलीय चोटीमा एकान्त बास (दिनमा एक छाक मात्र खाएर) करीब ६ बर्ष बिताउनु भयो ।

उक्त आश्रममा खाने पानीको अभाव थियो । त्यो बाटो लाहाचोक गाउँका जनताको वन जङ्गल गर्ने बाटो परेको र पानीको अभावले ती व्यक्ति सधैं नै लागेको तीर्खा त्यसै बोकेर हिड्ने गर्थे । आफ्नो अभावको साथै अरू जनताको पनि उद्धार हुने दृष्टान्तले रू. ६००।– लगाई २ क्वाएल रबरको १/२" पाइपबाट पानी ल्याई आफू खाने तथा अरू ती तृषित जनतालाई खुवाउने काम

Downloaded from http://dhamma.digital

समेत त्यो एकान्त बासका समयमा भयो।

उहाँ एक सुधारबादी मात्र नभई एक प्रकारका भविष्य–द्रष्टाको रूपमा समेत लिन सकिने उहाँका जीवन कालमा हुदै आएका कार्यहरूले बताउँछन्। उहाँका जीवन कालमा भएका कार्यहरू मुख्यत:-

(१) विदेशी लुगा र पोसाकबाट बढ्दो खर्चले मानिसहरू–लाई आर्थिक स्थितिमा खलल पुऱ्याउँदो रहेछ भन्ने अनुभव हुँदा हरेक व्यक्तिको आर्थिक सन्तुलन ल्याउने उपाय सोच्नु भयो। फलस्वरूप २००७ सालदेखि नै उहाँले मुखले प्रचार गर्नुको साथै उदा-हरणको निमित्त यसै गाउँमा उपलब्ध अल्नो (सिस्नो) को बोक्राबाट गाउँमै बुनिने भाँग्राको भोटो र कछाड आफै पहिरिएर हिड्नु भयो। छाताको साटो गाउँघरमै उपलब्ध निगालाको चोयाबाट बनेको स्याखू मात्र प्रयोग गरेर हिड्नु भयो।

(२) गुरूको प्रेरणा र आपनो प्रवल इच्छा अनुसार गाउँका वाल बालिकामा शिक्षा प्रचार गर्ने उद्देश्यले गुरूकै सल्लाहमा तथा निर्देशनमा २०१० सालको बैशाख संक्रान्तीको पुनीत अवसरमा एउटा विद्यालयको स्थापना गर्नु भयो। सो विद्यालयलाई दीर्घजीवी तुल्याउन वहाँ रातो दिन चिन्तित रहनु भयो। फलस्वरूप २०११ साल चैत्र ७ गते विधिवत् एक स्विकृत प्राथमिक विद्यालय बन्यो। त्यतिमा मात्र वहाँ सिमित रहनु भएन। उक्त विद्यालयका निमित्त योग्य शिक्षक खोज्नु; त्यसलाई विधिवत् बृद्धि गर्दै लानुमा उहाँ दत्तचित्त रहनु भयो।

२०१२ सालमा नै उक्त विद्यालयलाई मिडिल स्कूलमा परिणत गर्नमा उहाँ सफल हुनु भयो। क्रमश: २०२८ सालमा आठौं कक्षा सञ्चालन गर्ने स्वीकृती प्राप्त गरेर २०२८ साल (राष्ट्रिय

Downloaded from http://dhamma.digital

शिक्षा योजना लागु हुनुभन्दा अगाडि) सम्म हरेक बाल बालिकाले निशुल्क अध्ययन गर्ने मौका पाएका थिए ।

उक्त विद्यालयको आर्थिक सुदृढीकरणका निमित्त समय अनुसारको फसल मकै, कोदो, धान आदिको भिक्षा गर्न वाहाँ कहिल्यै चुक्नु भएन। जन्मोत्सव, रूद्री, विवाह, व्रतबन्ध आदि उत्सव तथा शुद्धायन कार्यमा पनि स्कूललाई केहि अंश दान गर्नु पर्दछ भन्ने प्रेरणा गाउँलेमा जगाई अद्यापि यदाकदा यस्ता रकमको आम्दानी विद्यालयले गर्दै आएको छ ।

उहाँको यो आर्थिक संकलनतरीका र विद्यालयको पठन पाठनको सक्रयताको फलस्वरूप केही समय यो भेकको यो एक आदर्श विद्यालय नै हुन पुगेको थियो । उत्तरोत्तर बृद्धीको सिलसीलामा २०२७ सालमा यसै विद्यालयलाई हाई स्कूलमा परिणत गर्ने वहाँको इच्छानुरुप प्रयास जारी राखी एक 'हाइ' स्कूल आयोजक समिति समेत गठन भएको हो तर राम्रो कामको पछाडि कताकता विरोधाभास पनि रहेको हुदो रहेछ जसको फलस्वरुप सो सफल हुन सकेन ।

अद्यापि सो विद्यालय 'श्री मेघाराज निम्न माध्यमिक विद्यालय' को नामले चलि रहेको छ। आज सोविद्यालयमा ९ जना शिक्षक २ जना कर्मचारी र ३६५ जना विद्यार्थी अध्यापन, अध्ययन गर्ने गर्दै छन् । विद्यालयमा सहयोग गर्ने जमिन दाता (जो १० रोपनी जति छ) नगद चन्दा दान गर्ने तथा विभिन्न रुपबाट विद्यालय प्रति योगदिने व्यक्तिहरूको नाम चिरस्मरणीय होस् भन्ना खातिर एक तामापत्र खोपाउने आयोजना गरी खोपाउनु भयो । जसको संरक्षण

Downloaded from http://dhamma.digital

वहा भन्दा पछिका व्यवस्थापकबाट ध्यान नदिनाले सही रुपमा हुन सकेको छैन ।

(३) किसान वर्गको निम्नआय स्तरको वावजुद आफ्ना व्यवहारीक कार्य हरूमा सामाजिक बाध्यतावश वढ़ी खर्च गर्नु पर्नेबाट पिल्सीएको अनुभव भएकाले सो कुराबाट उद्धारगर्न वहाँ सदा चिन्तित रहनु भएको पाइन्छ । २०१५ सालमा वहाँको जेष्ट पुत्रको बिवाह औसरमा गहना पनि दिन्न माइती तर्फबाट कुनै कुराको दाइजो आदि पनि लिन्न यो प्रचलन हामीले व्यापक बनाउनु छ भन्नु भयो विवाह मण्डप मै यस कुराको ठूलो वाद विवाद खडा भयो । तै पनि आफ्नो विचारमा अटल रही सो कार्य (केही नदीई केही नलीई) सम्पन्न गर्नु भयो । तर त्यो असर समाजमा त्यति प्रभावित हुन सकेन ।

(४) समयमा ल्वाङ सुपारी धुम्रपान आदिको स्वाद चाख्न वहाँ चुक्नु भएको होइन । त्यसको अनुभवबाट वहाँले स्वास्थ्यलाई हानी मात्र नभई फजुल खर्चले आफूलाई सताउनु सिवाय अन्य फाइदा केही रहेन छ भन्ने पाउनु भयो । सोही अनुरूप गाउँमा धुम्रपान वन्द गर्ने अभियान समेत चलाउनु भयो फलस्वरुप ५०% वहाँ सफली भूत हुनु भयो ।

(५) देशको अनाचार अत्याचारबाट मुक्ती पाउन हरेक नागरिकको हक छ भन्ने धारणा अनुरूप त्यस समयको नेपाली कांग्रेसको सदश्यता बनेर जिल्लाको उपसभापतित्व समेत चलाउनु भयो ।

Downloaded from http://dhamma.digital

(६) पोखरादेखि ३–४ कोशको दूरीमा रहेको यो गाउँका निम्न स्तरीय जनताको औषधोपचार गर्नका लागि पोखरा शहर कै आधार लिन पर्ने भई आर्थिक कमजोरीले जो कोहीले आँट गर्न नसकी धेरै जसोको अकाल मृत्युको सामना गर्न परेको अनुभव हुनगई एक औषधालयको अति आवश्यकताको महशुस गर्नु भयो । यसै सन्दर्भमा आफ्ना वयस्क पुत्र रेवतीको पुण्य स्मृतिमा एक रेवती औषधालयको स्थापना गर्नु भयो । निम्न आय श्रोतको आड्मा खडा भएकोले सो औषधालय धेरै समय टिक्न सकेन र आज सो औषधालय छैन ता पनि मानिसमा औपधालयको खाँचोको महसुस भै रहेको छ ।

(७) प्रजातन्त्रको शुरूआत मै शोषण नीतिबाट जनताले मुक्तिपाउनु पर्ने हेतुले बेठ बेगार जस्ता गाउँका मुखीयाले पाउने सहुलियत लिन आफैंले तोड्नु भयो ।

(८) मोहीयानी हक हरेक गरीब किसानले पाउनु पर्छ भन्ने धारणा अनुरूप यसै ग्राम निवासी धने धर्तीलाई आफ्नो खेत कमाए बापत मोहीयानी हक स्वरूप केही जग्गा पन्छाइ दिने यस भेकका सर्वप्रथम व्यक्ति उहाँ नै हुनु हुन्छ ।

(९) सुकुम्वासीले बसोवास पाउनु मानव अधिकार हो भन्ने कुरालाई हरेक जमिन दाताको कर्तव्यलाई दर्शाउदै यसै गाउँको कालु-मान नेवारलाई बसोबासका निमित्त जग्गा दिई सुकुम बासी उद्धार कार्य गरे बापत त्यस समयको 'नेपाल पुकार' नामक पत्रिकामा समेत प्रचार हुने यस भेकका प्रथम व्यक्ति हुनु हुन्छ ।

(१०) यो गाउँ मात्र नभई यस भेकका १९ गाउँ शुकला गण्डकी र मर्दी खोलाको बीचमा परी वर्षातको समयमा करीव ५

Downloaded from http://dhamma.digital

महीना यातायातनै ठप्पभइ खोर भित्रको जीवन व्यतित गर्न परिरहेको थियो। वहा कै बल, चिन्तन र लगनले सरकारबाट लट्ठा र केही नगदको माग गरी २०१७ सालमा एक झोलुङ्गे पूल नै मर्दी खोलामा निर्माणको प्रेरणा दिई कालसर्प रूपी खोलाबाट यी १९ गाउँलाई नै मुक्त गराउनु भयो। आज सम्म सोही झोलङ्गे पूल नै यस भेकको मुख्य यातायातको साधन भएको छ। त्यो उहाँको जीवनको सर्वोत्कृष्ट कार्य भएको छ।

(११) यस गाउँको खाने पानीको मुख्य आधार एक मात्र लस्ती खोला ✝ थियो। ग्रामीण महिलालाई पानी खेप्न घण्टौ समय व्यतित गर्न पर्दथ्यो। यो दुख देखेर २०२१ सालमा पोखरामा नवनिर्माण हुन लागेको नर्मल स्कूलको छाउने ढुङ्गाको ठेक्का रू. ८०,०००।– मा लिई सोबाट हुन आएको मुनाफा र जनश्रमबाट गरी एक पिउने पानीको सुविधा दिलाउनु भयो।

(१२) निजौ सम्पती लगाएर हुन्छ कि अन्य कुनै व्यक्तिलाई धार्मिक प्रेरणा जगाएर हुन्छ वा श्रमदान उठाएर हुन्छ गाउँका बाटा घाटाको समय समयका जिर्णोद्धार गर्नु वा नवनिर्माण गर्नु वहाँको साधारण कार्यका रूपरेखा नै भैरहन्थे।

(१३) पशु र कृषक वर्गको घनिष्ट सम्बन्ध रहन्छ। पशु विना किसानको जीवन निष्फल हुन्छ भनी वहाँ हर समय भन्नुहुन्थ्यो। वहाँको गृहस्थाश्रमको समयमा १५–२० गाईको निजी गोठ थियो। ती गाईको हर दिन आफै सेवा टहल पुराउनु हुन्थ्यो यसै सन्दर्भमा गाउँलेलाई पशुपालनका निमित्त चरन र निकासको परम आवश्यक

---

✝ लोमसऋषिकी पाद चरणबाट बहेको खोलो भन्ने लोकोक्ति छ।

Downloaded from http://dhamma.digital

छ। गाउँदेखि दक्षिणमा रहेको सबै गाउँलेको अलिखति जमिन गौचरन राख्नु पर्छ यसलाई आवादी गर्न हुन्न भनी वहाँ मरी मेट्दै हुनुहुन्छ। त्यो जमिन यद्यपि आ–आपनै छ ता पनि गाउँलेले आजसम्म पूर्णरूपबाट आवाद गर्न सकेका छैनन्। गौचरन कै रूपमा उपयोग गरी आएका छन्।

(१४) "अहिंसा परमोधर्म" लाई उहाँले पहिलेदेखि नै अगाल्दै आउनु भएको देखिन्छ। थारा भैंसी नास्नु निरपराध पाडा उपरको क्रूर ब्यवहारको वहाँ कट्टर विरोधी हुनुहुन्छ। एकातिर धर्मले अर्कोतिर कानूनले नदिएको फेरि हामी किसान वर्गको वहुमूल्य धन नै पशु भएकोले यीनको संरक्षण गर्नु हाम्रो परम कर्तव्यको साथै ठूलो धर्म प्राप्त हुन्छ भनी वहाँ भन्दै आउनु भएको छ।

सास छउन्जेल उपयोगमा ल्याइएका वस्तुको सिनो विक्री गर्नु उचित होइन भनी वहाँ त्यस्ता व्यक्तिलाई भरसक सम्झाएर विक्री गर्न नहुने पक्षमा पार्न खोज्नु हुन्छ। त्यसैको उदाहरण स्वरूप वहाँका पुत्र तोयनाथले आफ्नो एउटा भैंसीको मरणमा देहलाई जमिनमा गाड़ी टाउको लगी शुक्ला गण्डकीमा सेलाउनु भएको छ।

(१५) आज पनि वहाँ मरणोपरान्त हुने क्रिया खर्च हर व्यक्तिले कुनै एक ब्राह्मणलाई मात्र पोस्नुको सट्टा कुनै एक उद्धार कार्यमा खर्च गर्नु नै ठूलो धर्म छ भन्ने कुराको प्रचार गर्दै आउनु भएको छ।

(१६) केही ज्ञान पाएपछि जातित्व भेदमा वहा विश्वस्त हुन छोड्नु भयो। मानिस मानिस एकै हुन यी सबै ईश्वरीय उपज हुन भनी वहाँले अछूतका हातबाट खाना खानु उनीहरूसँग आहार विहार

Downloaded from http://dhamma.digital

गर्ने गरेर अछुतोद्धार गर्ने जस्ता साहसीला कार्य गर्दै आउनु भएकोछ ।

(१७) वन जंगलको सुरक्षा भए नै देश र जनताको भलो हुन्छ भन्ने धारणा वहाँमा पहिलेदेखि नै थियो र जथाभावी जङ्गल नास्ने चराचुरूङ्गी तथा वन्य जनावरको शिकार गर्ने, कलिला मालिङ्गो तीते घुँडे टूसा नासी जथाभावी गर्ने उपर उहाँले घोर विरोध गर्दै आउनु भएको पाइन्छ ।

(१८) गाउँ घरमा २–३ थरीका माना पाथीको प्रचलन-बाट गरीब दुखीमाथि परेको मर्का उपर ध्यान राखी सवैबाट ढ्वाङ पाथीको मात्र प्रचलन हुनु पर्छ भन्ने प्रेरणा दिलाई आज २–३ थरी पाथीको प्रचलन गाउँमा लोप भैसकेको छ ।

"अन्तिम आश्रम सन्यास लिने, ७५ वर्षको अवस्थामा, विचारले बाटो खोज्दै थियो । संजोग वस वि. सं २०३४ मा पोखरा विहार निवासी अनगारिका धर्मशीलाको माध्यमद्वारा आचार्य भिक्षु अमृतानन्द महास्थवीरसँग भेटघाट भयो । वाहाँसँग आपनो मनोकांक्षा पोखें । वहाँबाट पनि मेरो आकांक्षा अनुरूप सल्लाह दिनु भयो ।

उक्त सल्लाहलाई अठोट गरी म घर फर्के । केहीं धनको आवश्यकताको महसुस भयो र मैले छोराहरूसँग मेरो मनोकांक्षा खोलें । केही धनको आवश्यकता अनुसार उनीहरूसँग मागें । उनीहरू दिन मंजुर भएनन् । "मेरो जिउनीबाट पनि त म केही धनको भागिदार छु" भन्दा पनि उनीहरू धन दिन तत्पर नहुँदा मैले अनशन बस्ने निधो गरें । अनशनको पाँचौं दिनका दिन गाउँका एक प्रतिष्ठित शिक्षक आई पहिलेनै मुट्ठी नफुस्काउनु थियो मुट्ठी फुस्काइसकेपछि छोराहरू

Downloaded from http://dhamma.digital

कै मन ज्ञान आउन पर्ने हो उनीहरूबाट त्यस्तो मन कल्पदैन भने त्यसैमा लाग्नु हाम्रै अज्ञानता हुन्छ । इच्छा गर्नु भएको छ भगवानले ले अवश्य पूर्ण गर्ने छन् यिनको आशा लिने किन ? आदि कुराहरूले सन्तुष्ट गराई मलाई अनसनबाट निवृत्त गराउनु भयो र त्यस दिनदेखि मेरो मन ज्ञन एकोहोरिन पुग्यो र आचार्य भिक्षु अमृतानन्दको दर्शन पाउनु सिवाय मैले अरू कुनै कुरा सोचिन । हात मुख मात्र लिएर म आचार्य-को शरणमा पुगें । आचार्य कै प्रेरणा र आशिर्वादबाट विश्वशान्तीका प्रतीक भगवान बुद्ध परिनिर्वाण हुनु भएको भारतको कुशीनगरमा भिक्षु अच्यूतानन्द महास्थवीरसँग प्रव्रज्यात्व ग्रहण गरें ।

प्रव्रज्यात्व पछि मलाई मनमा ठूलो शान्ती मिल्यो । त्यस दिनदेखि मलाई भिक्षु बन्नमा प्रवल प्रेरणा दिने मेरा छोराहरू नै गुरु बनेका मानेको छु । "अल्मलिएको बेलामा बाटो देखाइ दिने साक्षात भगवान रूप मेरा आचार्यलाई मान्दछु" भनी वहाँ भन्नुहुन्छ ।

प्रव्रजित भएपछि एक ब्राह्मण कुलमा जन्म लिएर अनुभव गर्दै गएर धर्मको सार के रहेछ र मुक्ति कसरी प्राप्त होला भन्ने बाटो खोज्दा खोज्दै गएर आज अन्तिम स्थितिमा कुन रूपमा कसरी म विचरण गर्दै छु भन्ने इतिहास आज पनि र भविष्यमा पनि होस भन्ने वहाँको आकांक्षा छ । सोही अनुरूप वहाँले आफ्नो जन्मस्थलमा नै श्री दयानन्द गिरीबाट एक टुक्रा जमिनको मोलतोल गरी ११ हात लामो ७ हात चौडा भएको सानो कुटीको निर्माण गर्नु भएको छ । सो विहार गाउँदेखि केही उच्च स्थान बनेको आडमा एकान्तमय अति रमणीय स्थानमा अवस्थित छ ।

सो विहारको निर्माणाधीन अवस्थामा दुइजना जापानी बौद्ध

Downloaded from http://dhamma.digital

यात्री (जस्को नाउँ वहाँ भन्न सक्नु हुन्न) को आगमन भएको थियो। वहाँहरूले सहयोगार्थ रु. १२००।– दान दिनु भयो। सो रकममा थप थाप गरी कर्कट पाताको छानो समेत राख्नु भएको छ। सो भवनको विवरणको आधारमा आचार्यबाट एक बुद्धमूर्ती उपलब्ध भै भगवान बुद्धको आराधना हुँदै आएको छ। उक्त विहारलाई संस्थागत रूपमा परिणत गर्ने वहाँको प्रवल इच्छा छ। तर जमिनदाताबाट मोल चुक्ता गरी आफ्नो तुल्याउने काम अझै बाँकी रहेकोले यसलाई संस्थागत बनाउने काम अधुरो नै रहेको छ।

भिक्षु बनेपछि एक वर्षा बासमा वहाँले पर पावन्य मात्र ग्रहण गर्ने र धातुका भाँडाको प्रयोग नगर्ने व्रत धारण गर्नु भयो। सो समयमा गाउँमा मेसैसंग पावन्यको भिक्षा गर्दै हिड्नु भयो। के छूत के अछूत जसको घरमा जे पाकेको छ सो जति घरबाट आफ्नो उदर पूर्तीका निमित्त पावन्य अन्न प्राप्त हुन्छ त्यत्ति घरको भिक्षा गरी क्रमश त्यही रूपले अर्को दिन अरू घर विराएर निर्वाह गरी आएर एक समदर्शिताको ज्ञान प्रसार गर्नु भयो।

२०३९ को वर्षावासबाट पैसा संग्रह नगर्ने अथवा कसैबाट पनि पैसाको दान नलिने व्रतगर्नु भयो। पछि भिक्षुहरूको दान लिनु कर्तव्य हो। दान पनि नलिने भई दिएमा हाम्रा अनुयायीहरूमा नि:रासताको भावना जागृत हुन आउँछ' भन्ने धेरै भिक्षुहरूको आग्रह अनुसार दान ता लिने तर संग्रह कर्ता भिक्षु कुमार काश्यपलाई बनाउनु भएको कुरा वहाँभन्नु हुन्छ।

यसै बीच वहाँले घाचोक ग्राम निवासी वर्ष ९२ का श्री मु. काजिमान गुरुङ्ग र वर्ष ४५ का श्री केशविर कार्यीलाई पन्चशील

Downloaded from http://dhamma.digital

ग्रहण गराइसक्नु भएको छ।

कल्याणमित्र श्री सत्यनारायण गोयन्का लिखित धर्मज्योति का दोहाबाट वहाँ धेरै नै प्रभावित हुनु भएको ज्ञात हुन्छ।

यसरी उहाँ आज आफ्ना दुई सहधर्मिणी र ४ छोरालाई छोडी एक सज्जन भिक्षुको रूपमा उनै गुरु आचार्य भिक्षु अमृतानन्दको आश्रम काठमाडौं स्वयम्भू आनन्दकुटीमा वसी भगवानको आराधना गर्दै हुनु हुन्छ। वहाँ वि. सं २०३८ साल आषाढ आदित्यवार आनन्द कुटी विहारको उपोसथागारमा डा.अमृतानन्द महानायक महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको हो। वहाँ अहिले धार्मिक ग्रन्थहरूको अध्ययन गर्न हर समय उत्सुक हुनुहुन्छ। वहाँ कुनै न कुनै ग्रन्थ साथमा टुटाउनु हुँदैन। आज पनि वहाँलाई कुनै न कुनै ग्रन्थको अध्ययन गरिरहेकै पाउँछौ।

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

मुद्रक :- ओम्‌प्रिंटिङ्ग प्रेस ओमबहाल, काठमाडौं ।
फो. न. २-१६०५६

Downloaded from http://dhamma.digital